सर्वोच्च अदालत, एकल इजलास

माननीय न्यायाधीश श्री तेज बहादुर के. सी.

आदेश

०७७-WO-०९५४

मुद्दाः उत्प्रेषण परमादेश।

जिल्ला ताप्लेजुङ्ग, साविक खेबाङ्ग गा.वि.स. वडा नं. ८ पेदांग परिविर्तित श्रीजंगा गा.वि.स. वडा नं. ५ पदांग घर भई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २५ सैंबु भैंसेपाटी बस्ने वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी ........................................................................................ १ — रिट निवेदक

विरुद्ध

श्री न्याय परिषद्, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं ........... १

श्री चोलेन्द्र शमशेर, ज. ब. रा. सम्माननीय अध्यक्ष न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ........................................ १

श्री दिपककुमार कार्की, माननीय सदस्य न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ................................................ १

श्री लीलानाथ श्रेष्ठ, माननीय सदस्य न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ................................................ १

श्री लक्ष्मी बहादुर निराला, माननीय सदस्य न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ................................................ १

श्री रामप्रसाद श्रेष्ठ, माननीय सदस्य न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ................................................ १

श्री देवेन्द्रराज ढकाल, सचिव न्याय परिषद, न्याय परिषद सचिवालय रामशाहपथ काठमाडैं नेपाल ................................................................ १

श्री नहकुल सुवेदी, माननीय मूख्य न्यायाधीश, श्री उच्च अदालत सुर्खेत, सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका, सुर्खेत ........................... १

विपक्षी प्रत्यर्थी



Scanned with CamScanner

प्रत्यर्थी मूख्य न्यायाधीश श्री नहकुल सुवदी रा. प. प्रथम श्रेणीको पदमा मिति २०६४।०४।०७ मा नियुक्ती भै ऐ विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारमा मिति २०७४।३।२२ सम्म कार्यरत रहेबाट निज निज रा. प. प्रथम श्रेणी र सो भन्दा माथील्लो पदमा जम्मा १० वर्ष ४ महिना ८ दिन, मूख्य न्यायाधीशको पदमा मिति २०७४।९।२० मा सिफारिस भै ऐ. २५ गते नियुक्ती भै मिति २०७७।११।२८ गतेसम्म कार्यरत रहेको अवधिलाई गणना गर्न नमिल्ने हुँदा संविधानको धारा १२९ को उपधारा (५) बमोजिम उक्त पदमा कार्यरत रहनु पर्ने १२ वर्षको अवधि पुरा न भै निजको योग्यता नपुगेकोले निजको नियुक्तीलाई उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने निवेदकको मूख्य जिकिर रहेको छ।

निवेदक तर्फबाट निवेदक वरिष्ठ अधिवक्ता स्वयं श्री सुरेन्द्र भण्डारी एवं अन्य वरिष्ठ अधिवक्ताहरु श्री बालकृष्ण न्यौपाने, श्री ध्रुवलाल श्रेष्ठ र अधिवक्ता रामबहादुर राउतबाट विपक्षी नहकुल सुवेदीको सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुन संविधानको धारा १२९ को उपधारा (५) ले निर्धारण गरेको योग्यता नै नपुगेकाले उक्त नियुक्ती बदर हुनु पर्छ भनी गरेको जिकिर समेत सुनी निवेदन सहितको मिसिल संलग्न कागज र प्रमाणहरु समेत हेरी निवेदकको निवेदन दावी पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा नै निर्णय दिनु पर्ने देखिन आयो।

सर्वप्रथम न्यायपरिषद्को मिति २०७७।१।२८ गतेको निर्णय हेर्दा, सर्वोच्च अदालतमा रिक्त रहेको न्यायाधीश पद पूर्ति गर्ने सम्बन्धमा नेपालको संविधानको धारा १२९ बमोजिम सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको एवं न्याय परिषद् ऐन, २०७३ को दफा ५ बमोजिमका आधारहरुबाट सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुन सक्ने उच्च अदालतमा कार्यरत रहेका मूख्य न्यायाधीशहरु मध्ये तुलनात्मक रुपमा योग्यतम् देखिएका देहायका मूख्य न्यायाधीशहरुलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद् ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाईको लागि संघीय संसदमा पठाई सुनुवाई भै आएपछि नेपालको संविधानको धारा १२९ बमोजिम राष्ट्रपती समक्ष नियुक्तिको लागि सिफारिस गर्ने भन्ने व्यहोरा उल्लेख गरी देहायमा उच्च अदालत सुर्खेतका माननीय मूख्य न्यायाधीश श्री नहकुल सुवेदीको नाम उल्लेख रहेको देखिन्छ।

Scanned with CamScanner

प्रत्यर्थी मूख्य न्यायाधीश नहकुल सुवेदी न्यायसेवाको रा. प. तृतीय श्रेणीमा मिति २०५२।८।२४ मा प्रवेश गरी मिति २०६४।५।७ गते रा प प्रथम श्रेणीको सह सचीव स्तरको पदमा नियुक्ती भै मिति २०७३।१०।०६ गते विशिष्ट श्रेणीको सचीव, मिति २०७४।३।२२ गते मूख्य रजिष्ट्रार र त्यसपछि मिति २०७४।९।२५ मा मूख्य न्यायाधीशको पदमा नियुक्ती भएको देखिन्छ। संविधानको धारा १२९ को उपधारा (५) ले सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुन चाहने योग्यता मध्ये **न्यायसेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो श्रेणी भन्दा माथिल्लो पदमा कम्तिमा १२ वर्ष काम गरेको हुनु पर्ने** भन्ने व्यवस्था रहेको छ। श्री नहकुल सुवेदी रा. प. प्रथम श्रेणी, सहसचिव स्तरको पदमा मिति २०६४।४।७ गते देखि नियुक्ती भै रा. प. विशिष्ट श्रेणीको सचीव र मूख्य रजिष्ट्रारको पदमा मिति २०७४।९।२५ सम्म कार्यरत रहेको अवधि समेत गरी जम्मा १० वर्ष ४ महिना १८ दिन र मूख्य न्यायाधीश पदमा मिति २०७४।९।२० मा सिफारिस भै ऐ. २५ गते नियुक्ती भै मिति २०७७।११।२८ गते सम्म ३ वर्ष दुई महिना ३ दिन कार्यरत रहेको अवधि समेत गरी निज सुवेदी राजपत्राङ्कित प्रथम श्रेणी भन्दा माथिल्लो मूख्य न्यायाधीश समेतको पदमा गरी जम्मा १३ वर्ष ६ महिना २१ दिन कार्यरत रहेको देखिन्छ। न्यायाधीश पदलाई न्यायसेवाको संवैधानिक पद मानिन्छ। मूख्य न्यायाधीशको पद न्यायसेवाको राजपत्राङ्कित प्रथम श्रेणी भन्दा माथिल्लो पद होइन भन्न मिल्दैन्। न्यायसेवाको रा. प. प्र. श्रेणी वा सो भन्दा माथिल्लो विशिष्ट श्रेणी सम्मको पदमा १२ वर्ष कार्य गरेको व्यक्ति भन्दा केही अवधी मूख्य न्यायाधीशको पदमा रही न्याय सम्पादनको कार्यको अनुभव समेत प्राप्त गरी १२ वर्ष भन्दा बढि समयसम्म कार्य गरेको व्यक्ति बढि सक्षम हुन्छ भन्नेमा द्विमत हुन सक्दैन।

न्यायाधीश नियुक्तिको कार्यमा कार्यपालिका, राजनीतिक दल नेपाल बार र सर्वोच्च अदालत बार (Bar) एशोसियसनको गम्भिर चासो र सरोकार रहने भएपनि न्यायाधीश नियुक्ति न्याय परिषद्को सिफारिसमा हुने हुँदा यो कार्य मूख्यतः न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमता प्रती नै केन्द्रीत रहेर न्यायपालिकाबाट संस्थागत रुपमा गरिने मूल्याङ्कन सहितको बिचार र दृष्टिकोणले नै पूर्णतः प्राथमिकता पाउनु पर्दछ।

न्यायाधीश नियुक्ति जिल्ला अदालतमा परीक्षा प्रणाली र जेष्ठताको आधारमा हुने हुन्छन्। उच्च अदालत र सर्वोच्च अदालतमा जिल्ला न्यायाधीश, न्याय सेवाका प्रथम श्रेणीका



Scanned with CamScanner

अधिकृतहरुबाट र साथै विश्व विद्यालयका प्राध्यापक, अनुसन्धानकर्ता र कानून व्यवसायीहरुबाट पनि नियुक्ति गर्ने गरिन्छ। सर्वोच्च अदालतको रिक्त न्यायाधीश पदमा केडर न्यायाधीश र कानून व्यवसायीहरुबाट पनि नियुक्ति हुने संवैधानिक व्यवस्था रहेको हुँदा उच्च अदालतमा कार्यरत केडर न्यायाधीश र साथै न्यायसेवाको रा. प. प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणी र पदबाट न्यायाधीश एवं मूख्य न्यायाधीशमा नियुक्ती भएका योग्य, सक्षम र आचरणयुक्त न्यायाधीश र मूख्य न्यायाधीशलाई पनि सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति गर्दा उपरोक्त संवैधानिक व्यवस्थाको वास्तविक मर्म र भावना अनुकुल हुनुको साथै प्रायसः निस्कृय रुपमा रहेको संवैधानिक व्यवस्था समेत कार्यान्वयन हुन जान्छ।

प्रत्यर्थी मूख्य न्यायाधीश श्री नहकुल सुवेदी सँगै न्याय सेवामा प्रवेश गरेकाहरु उच्च अदालतको न्यायाधीशमा कार्यरत रही रहेको अवस्था समान कानून व्यवसायीको क्षेत्रबाट नियुक्त भएका सर्वोच्च अदालतको न्यायाधीशका समकक्षीहरु पनि उच्च अदालतको न्यायाधीश पद सम्म कार्यरत रही रहेको अवस्था विद्यमान रहेको छ। यी दुवै अवस्थालाई समानान्तर एवं समानताको दृष्टिकोणबाट नै हेर्न, सम्झन र तुलनात्मक रुपले अध्ययन, मनन् र विश्लेषण गरेर मात्र न्यायपूर्ण धारणा बनाएर निष्कर्षमा पुग्न सान्दर्भिक र उपयुक्त हुन्छ। न्यायपालिकाको नेतृत्व तहमा कानून व्यवसायीको क्षेत्रबाट मात्र पुग्नु पर्ने गरी न्यायाधीशको नियुक्ति हुनु पर्ने जस्तो एकाङ्की धारणा कार्यपालिका, न्यायपरिषद्, राजनीतिक दल, सर्वोच्च एवं नेपाल बार (Bar) समेतले कदापी राख्न हुँदैन। न्यूनतम योग्यता मात्र नभै कानूनमा उच्च शिक्षा प्राप्त गरेका र लोकसेवा, न्यायसेवा र लोकसेवाको सेवाप्रवेश र बढुवाको लागि लिईने प्रतिष्पर्धात्मक परीक्षा उत्तिर्ण गरी कानून र न्यायको सिद्धान्त, नीति र कार्यान्वयनको विविध पक्षमा गहिरो अनुभव हासिल गरी न्यायिक कार्यसमेत गरी सकेका न्यायसेवाका दक्ष र सक्षम अधिकृत र उच्च प्रशासक र तीनका पदहरु संवैधानिक अंगमा कानून र न्यायको क्षेत्रबाट राजनीतिक नियुक्ति भएका अन्य पदाधिकारी सरह न्यायाधीश हुने भन्याङ्ग भए र बनाइयो भनेर टिप्पणी गर्न किञ्चित पनि न्यायोचित हुन जादैन।

यो अवस्थालाई न्याय परिषद् ले अति गम्भिरताको साथ सूक्ष्म रुपले नजिकबाट हरेक पटक प्रत्येक तहको अदालतको न्यायाधीश नियुक्ति गर्दाको प्रक्रियाको चरणमा न्यायपालिका प्रती संस्थागत रुपमा र साथै न्यायसेवाका हरेक तहका अधिकृत कर्मचारी र केडरका

Scanned with CamScanner

न्यायाधीशहरु समेतलाई समान रुपले प्रसासनिक न्याय (Administrative justice) हुने दृष्टिकोणबाट सदैव मनन् गरीरहनु पर्ने अवस्था रहन गएको छ।

न्यायसेवाको रा. प. प्रथम श्रेणीको सहसचीव स्तरको पददेखी माथि विशिष्ट श्रेणीको सचीव र मूख्य सचिव स्तरको मूख्य रजिष्ट्रारको पद रहेको र सो भन्दा माथिल्लो पदमा मूख्य न्यायाधीशको पद रहेको छ। संविधानको धारा १२९ को उपधारा (५) मा **सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागी न्याय सेवाको रा. प. प्रथम श्रेणी भन्दा माथिल्लो श्रेणी न भनिकन सो भन्दा माथिल्लो पदमा रही १२ वर्ष काम गरेको** भन्ने व्यवस्था रहेको हुँदा मूख्य न्यायाधीश पद रा. प. प्रथम श्रेणीको सहसचिव स्तर र विशिष्ट श्रेणीको सचिव, रजिष्ट्रार र सोही श्रेणीको मूख्य रजिष्ट्रारको पद भन्दा माथिल्लो पद रहेको हुँदा मूख्य न्यायाधीश श्री नहकुल सुवेदी रा. प. प्रथम श्रेणीको सह सचिव स्तरको पद देखी माथिल्लो स्तरको मूख्य न्यायाधीशको पद सम्म नियमित र अटुट रुपमा १३ वर्ष ६ महिना २१ दिन कार्य गरेको र सो अवधिले संविधानको धारा १२९ को उपधारा (५) ले रा. प. प्रथम श्रेणी र सो भन्दा माथिल्लो पदमा १२ वर्ष सम्म काम गरेको हुनु पर्छ भनी तोकेको योग्यता भरपूर रुपमा पुगेको देखिन्छ।

एउटै सेवामा राजपत्राङ्कित प्रथम श्रेणी सह सचिव स्तर देखि विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रार र सो भन्दा माथिको मूख्य न्यायाधीशको पद सम्म नियमित रुपमा कार्य गरेको अनुभव उसको योग्यता भित्र नै पर्दछ। संविधानको धारा १२९ को उपधारा (५) को व्यवस्थालाई हेर्दा, रा. प. प्रथम श्रेणी सहसचिव स्तर देखि विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रार सम्म र सो भन्दा माथिल्लो पद मूख्य न्यायाधीशको अनुभव दुई अलग अलग क्षेत्रको भएको हुँदा एउटा क्षेत्रको पदको अनुभव अवधि अर्को क्षेत्रको अनुभवको अवधिमा जोडन र गणना गर्न मिल्दैन भन्ने भनाई संविधान सम्मत देखिन आउँदैन।

विपक्षी मूख्य न्यायाधीश श्री नहकुल सुवेदीको रा. प. प्रथम श्रेणी र सो भन्दा माथिल्लो विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रार सम्मको पदमा १० वर्ष ४ महिना १८ दिन मात्र पुग्छ, संविधानको धारा १२९ को उपधारा (५) ले व्यवस्था गरे बमोजिम १२ वर्ष पुग्दैन। निज सुवेदी मिति-२०७४।९।२५ गते देखि मूख्य न्यायाधीश पदमा नियुक्ति भै कार्यरत रहेको ३ वर्ष २ महिना ३ दिन रा. प. प्र. श्रेणीको सह सचिव स्तर देखि विशिष्ट श्रेणीको मूख्य

रजिष्ट्रारको पदमा रही कार्यरत रहेको अवधिभा जोडेर गणना गर्न मिल्दैन भन्ने निवेदन एवं बहस जिकिरसँग सहमत हुन सकिएन।

अतः माथि विवेचित आधार र कारणबाट विपक्षी नहकुल सुवेदी मिति २०६४।४।७ देखि न्यायसेवाको रा. प. प्रथम श्रेणीको सह सचिव स्तरको पदमा, मिति २०७३।१०।६ मा रा. प. विशिष्ट श्रेणीको सचिव पदमा र मिति २०७४।३।२२ देखी २०७४।९।२५ सम्म विशिष्ट श्रेणीको मूख्य रजिष्ट्रारको पदमा गरी १० वर्ष ४ महिना १८ दिन र मिति २०७४।९।२० को सिफारिसले मिति २०७४।९।२५ मा मूख्य न्यायाधीशको पदमा नियुक्ति भै मिति २०७७।११।२७ गतेसम्म ३ वर्ष २ महिना ३ दिन कार्यरत रही निजले न्यायसेवाको रा. प. प्रथम श्रेणी वा सो भन्दा माथील्लो पदमा १२ वर्ष भन्दा बढी अवधिको अनुभव हासिल गरी सकेर निजको संविधानको धारा १२९ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति हुने योग्यता पुगेको नै देखिंदा संविधानको उक्त धारा बमोजिम निजको योग्यता नपुगेको हुँदा निजको नियुक्ति उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने निवेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यो आदेशको प्रति जानकारीको लागि प्रत्यर्थी लगायत सम्बन्धित निकायलाई दिनु पठाईदिनु।

आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकोले अहिलेलाई यो संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश

इति सम्वत् २०७७ चैत्र ३० गते रोज २ शुभम् ..........................................................।

Scanned with CamScanner